**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८१/०३/१३

**भाग-२**

# प्रारम्भिक बालविकास संचालन तथा व्यबस्थापन मापदण्ड, २०८१

**जैमिनी नगरपालिका**

# प्रारम्भिक बालविकास संचालन तथा व्यबस्थापन मापदण्ड, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मिति : वि.सं २०८१।०३।१३

जैमिनी नगरपालिकाभित्र प्रारम्भिक वाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन गरी सञ्चालनमा एकरुपता ल्याई गुणात्मकत्मक सुधार गर्ने उदेश्यले जैमिनी नगरपलिका शिक्षा ऐन, २०८० को परिच्छेद-२ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम प्रारम्भिक वालविकास संचालन तथा व्यबस्थापन मापदण्ड २०८१ रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) **"ऐन"** भन्नाले जैमिनी नगरपालिका शिक्षा ऐन, २०८० लाई सम्झनु पर्छ ।

**(ख) "कार्यपालिका"** भन्नाले जैमिनी नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

**(ग) "नगरपालिका"** भन्नाले जैमिनी नगरपालिकालाई सम्झनु पर्छ ।

**(घ) "प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

**(ङ) "प्रमुख प्रशासकीय अधिकृत** भन्नाले जैमिनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झन पर्छ

**(च) "शाखा"** भन्नाले जैमिनी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

**(ज) "प्रारम्भिक बाल शिक्षा केन्द्र"** भन्नाले तीनवर्ष देखि ५ वर्ष उमेर समूहका बालबालिकालाई दुई वर्षको शिक्षा दिने प्रयोजनका लागी स्थापित केन्द्र सम्झनु पर्छ ।

(ञ) **"केन्द्र ":** भन्नाले नगरपलिकाको अनुमतिमा सञ्चालित प्रारम्भिक वाल शिक्षा केन्द्र वा शिशु विकास केन्द्र वा दुबैलाई सम्झनु पर्छ ।

**३. केन्द्र स्थापनाः** (१) कुनै व्यक्ति वा संस्थाले केन्द्र स्थापनागर्नचाहेमा अनुमतिको लागी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची–१ बमोजिमको ढाँचामा माघ १ गतेदेखि फागुन मसान्तभित्रमा शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदक संस्थालाई केन्द्र स्थापना गर्न नगरपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया पुरा गर्नु पर्नेछ ।

बमोजिम अनुमति दिन मनासिब देखिएमा अनुसूची –२ बमोजिमको ढाँचामा चैत्र १५ गतेभित्र नगर शिक्षा समितिको नियमानुसार नगर शिक्षा अधिकारीले अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त केन्द्रले यस मापदण्डमा तोकिएका आधारहरु बमोजिम संस्थाको सञ्चालन नगरेमा त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सकिनेछ ।

(४) निवेदकले आफ्नो निवेदनमा देहायका कुरा खुलाएको हुनुपर्नेछ ः

(क) आफूले बालवालिकालाई उपलव्ध गराउन प्रस्ताव गरेको सेवा सुविधाहरु ।

(ख) आफूले संचालन गर्ने केन्द्रमा भर्ना हुन आउने बालवालिकाहरुको उमेर समूह ।

(ग) अभिभावकहरुसँगको छलफल बैठक तथा निजहरुको अपेक्षा ।

(घ) भवनभित्र र भवन बाहिर बालवालिकाहरुलाई उपलव्ध गराईने सुविधा तथा सिकाइ प्रकृया ।

(ङ) ध्वनी प्रदुषण, छिमेकीहरुबाट हुन सक्ने प्रदुषण तथा अवरोध, फोहोरमैला व्यवस्थापन, ढल निकास प्रवन्ध आदि बारे व्यवस्थापकीय योजना र त्यसबाट प्रतिकूल प्रभाव नपर्ने सुनिश्चित

च) सामुदायिक तथा निजी केन्द्र मध्य अनुमती लिन चाहेको केन्द्र खुल्ने कागजात

छ) सुरक्षित शान्त र स्वच्छ शैक्षिक वातावरणको सुनिश्चतता

ज) केन्द्र स्थापना गर्न चाहिने प्रारम्भिक पूर्वधार सम्बन्धी व्यवस्था

**४.केन्द्र स्थापना गर्न चाहिने प्रारम्भिक पूर्वाधार ः**

(१) केन्द्र स्थापना गर्नको लागी जैमिनी शिक्षा ऐन- २०८० को परिच्छेद ४ को दफा १६ ले तोकेबमोजिमका देहायका पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ः

(क) फराकिलो, खुला, शान्त, सुरक्षित भवन

(ख) खेल्ने चौर, बाल उद्यान र खेल सामाग्रीहरु

(ग) सफा र स्वच्छ खानेपानी र शौचालय भएको

(घ) पौष्टिक खाजा खाने व्यवस्था गरिएको

(ङ) स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाजाको व्यवस्था गरिएको,

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त केन्द्रले यस मापदण्डमा तोकिएका आधारहरु बमोजिम संस्थाको सञ्चालन नगरेमा त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सकिनेछ ।

**५. आवश्यक जनशक्तिः** (१) केन्द्र स्थापना गर्नको लाग् देहायका जनशक्ति व्यवस्था गरेको हुनु पर्नेछः

(क) प्रति कक्षा कम्तीमा एकजना तालिम प्राप्त सहजकर्ता

(ख) बाल बालिकाको हेरचाह गर्न आवश्यक सुसारेहरु

(ग) आवश्यकताअनुसार अन्य कर्मचारी

**६. स्वीकृत पाठयक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने** : केन्द्रमा पाठ्यक्रम विकास केन्द्र एवम् नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्नेछ ।

**७.पारिश्रमिक सम्बन्धी व्यवस्थाः** केन्द्रमा कार्यरत शिक्षक, प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीलाई नेपाल

सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी मासिक रुपमा भुक्तानी गर्नुपर्नेछ ।

**८.नियुक्तिपत्र दिनुपर्नेः** केन्द्रमा कार्यरत सबै प्रकारका शिक्षक, प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीलाई अनिवार्य

रुपमा नियुक्तिपत्र दिएर मात्र काममा ल्याउनुपर्नेछ ।

(२) नियुक्ति पत्रमा कर्मचारीले पाउने सेवा सुविधा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

**९. केन्द्रको व्यवस्थापन समितिः** १) मातृ विद्यालयको विद्यालय व्यवस्थापन समिति नै केन्द्रको व्यवस्थापन समिति हुनेछ जुन नगर शिक्षा ऐनमा व्यवस्था भएबमोजिम हुनेछ ।

(२)तर निजी केन्द्रको संचालन, रेखदेख तथा व्यवस्थापन गर्न देहायबमोजिमको एक व्यवस्थापन समिति रहनेछ ।

(क) लगानीकर्ता मध्येबाट केन्द्र्रको सिफारिसमा नगरपालिकाद्वारा मनोनित -अध्यक्ष

(ख) सम्वन्धित वडा अध्यक्ष वा वडा समितिको सदस्य - सदस्य

(ग) अभिभावकहरु मध्येबाट व्यवस्थापन समितिद्वारा मनोनित

एकजना महिला सहित दुई जना -सदस्य

(घ) केन्द्रको प्रमुख -सदस्य सचिव

(२) केन्द्र सञ्चालन सम्वन्धमा आवश्यक स्रोत जुटाउने, भौतिक पूर्वाधार तयार गर्ने लगायतको जिम्मेवारी व्यवस्थापन समितिको हुनेछ ।

(३)व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एकपटक बस्नु पर्नेछ ।

(४)व्यवस्थापन समितिको  बैठकमा नगरपालिकाका  सम्बन्धित शिक्षा अधिकृतलाई पर्यवेक्षकका रुपमा अनिवार्य  रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

**१०. धरौटी राख्नु पर्ने :**  (१) केन्द्र खोल्ने अनुमति लिँदा सञ्चालनको सुरक्षा प्रमाण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा मुद्धती खातामा राख्नु पर्नेछ :

(क) प्रारम्भिक वाल शिक्षा केन्द्रको लागी पचास हजार रूपैयाँ,

(२) मुद्धती खाताको संचालन नगरपालिकाको अधिकृत कर्मचारी र केन्द्रको प्रतिनिधिको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ

(३) मुद्धती खाताको व्याज रकम केन्द्रले खर्च गर्नपाउनेछ ।

**११. दर्ता शुल्कः** केन्द्र दर्ता गर्दा देहायबमोजिमको शुल्क लाग्नेछ ।

(क) निवेदन शुल्क रु. एकहजार

(ख) अनुमति शुल्क रु. पाँच हजार

**१२. शुल्क सम्बन्धी व्यवस्थाः** १) विद्यालय तथा समुदायमा आधारित केन्द्रले कुनै पनि प्रकारको शुल्क विद्यार्थीबाट लिन पाउनेछैन ।

(२) निजी लगानीको केन्द्रले शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना अगावै शुल्क प्रस्ताव गरी नगरपालिकामा पेस गर्नुपर्नेछ ।

(३) केन्द्रले नगरपालिकाले तोकेबमोजिमको शुल्क लिनुपर्नेछ ।

(४) केन्द्रले मासिक तथा वार्षिक रुपमा लिने शुल्क वृद्धि भएपछि तीन वर्षसम्म शुल्क वृद्धि गर्न पाइने छैन ।

**१३. विशेष व्यवस्थाः** (१) यो नियमावली लागु हुनुपूर्व नगरपालिकामा व्यवसाय दर्ता गरी  संचालित मन्टेश्वरी/शिशु विकास केन्द्रले यो नियमावली लागु भएको तीन महिनाभित्र शैक्षिक संस्थाको रुपमा अनुमतिका लागी नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिकाले आवश्यक छानविन गरी यो मापदण्ड जारी भएको छ महिनाभित्र प्रारम्भिक वाल शिक्षा केन्द्र वा शिशु विकास केन्द्रमध्ये उपयुक्तताका आधारमा कुनै एकको लागी अनुमति दिनसक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिका लागी निवेदन नदिएमा वा उपदफा (२) बमोजिम अनुमति प्राप्त नगरेमा त्यस्ता केन्द्रहरु यो नियमावली लागु भएको छ महिनापछि स्वतः खारेज हुनेछन् ।

**१४.प्रमाणपत्र जारी गर्न नपाउने**:शिशु विकास केन्द्रले त्यस्ता केन्द्रमा अध्ययन पूरा गरेका वालवालिकालाई शैक्षिक प्रमाणपत्र जारी गर्न र विभिन्न उपाधि धाराका औपचारिक कार्यक्रम गर्न पाउने छैन ।

**१५. सवारी साधनको प्रयोग गर्न नपाउने** : (१) केन्द्रले वालवालिकालाई त्यस्तो केन्द्रसम्म ल्याउन र लैजान सामान्यतया सवारी साधनको प्रयोग गर्न पाउने छैनन् ।

(२) उपदफा (१) बमोजिम वालवालिकालाई ल्याउन तथा लैजान सवारी साधन आवश्यक भएमा सवारी साधनको विवरण प्रमाणसहित नगरपालिकाको अनुमति लिनुपर्नेछ ।अनुमती माग गर्दा चारपांङ्ग्रे सवारी साधानका लागी मात्र अनुमति माग गर्नपाइनेछ ।

(३) नगरपलिकाले अनुमति दिंदा सवारी साधन वालमैत्री भए नभएको यकिन गरेर मात्र अनुमति दिनेछ ।

(४) उपदफा (२) बमोजिम अनुमतिका लागी निवेदन पेस गर्दा सवारी साधन प्रयोग गर्ने वालवालिकाका अभिभावकको मञ्जुरी समेत निवेदन साथै पेस गर्नुपर्नेछ ।

**१६.प्रगती विवरण प्रमाण पेस गर्नुपर्ने** (१) केन्द्रले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र निम्नलिखित कागजात सहित वार्षिक प्रगती विवरण महाशाखामा पेस गर्नुपर्नेछ ।

क) लेखापरीक्षण प्रतिवेदन

ख) व्यवसाय नवीकरण प्रमाणपत्रको प्रतिलिपि

ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

घ) विद्यार्थी विवरण

**१७.जरिवाना**: (१) यो मापदण्ड बमोजिम अनुमति नलिई केन्द्र संचालन गरेमा दसहजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरिनेछ ।

(२) दफा १२ को २ अन्तरगतका केन्द्रले नगरपालिकाले तोकेको भन्दा बढी शुल्क लिएमा पाँचहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवान गरिनेछ ।

**१८.पुनरावलोकन** :(१) कुनै संस्थालाई दफा १८ बमोजिम गरिएको जरिवाना उपर चित्त नबुझेमा नगरपालिका समक्ष पुनरावलोकन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम परेको पुनरावलोकन उपर नगरपालिकाले आवश्यक छानविन गर्नेछ।

**१९. लेखापरीक्षणः**(१)प्रारम्भिक बाल शिक्षा केन्द्रले प्रचलित कानुनबमोजिम आय–व्ययको लेखा राख्नुपर्नेछ ।

(२) प्रारम्भिक बाल शिक्षा केन्द्रले प्रचलित कानुनबमोजिम सूचीकृत लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

**२०.केन्द्रको नामाकरण** – प्रारम्भिक वाल विकास केन्द्र नामाकरण गर्दा राष्ट्रिय महत्त्वको भौगोलिक, धार्मिक वा ऐतिहासिक स्थल, राष्ट्रिय विभूति, राष्ट्रिय वा अन्तराष्ट्रिय व्यक्तित्वको नाम, शिक्षा क्षेत्रमा महत्त्वपूर्ण प्रमाण योगदान गरेको शिक्षाप्रेमी तथा संचालक संस्था आदिको नामबाट संचालन गर्ने गरी नामाकरण गर्नु पर्नेछ । केन्द्र दर्ता भई सकेको नाममा अर्को केन्द्र दर्ता हुन सक्ने छैन ।

**२१.खुल्ने र बन्द हुने समय** – शनिवार र अन्य सार्वजनिक विदाको दिन बाहेक वर्षमा वढीमा १० दिन केन्द्र बन्द हुन सक्नेछ ।१० दिनमध्ये कम्तीमा ३ दिन प्र.अ./शिक्षक/सहजकर्ता/कर्मचारीलाई तालिम
(पुर्नताजगी वा विषयगत) उपलव्ध गराउने प्रवन्ध केन्द्रको तर्फबाट नै गर्नुपर्नेछ ।

**२२.केन्द्रको न्यूनतम मापदण्ड** – दफा ४ को अतिरक्ति केन्द्रको न्यूनतम मापदण्ड देहायबमोजिम हुनुपर्नेछ :

(क) केन्द्र वालवालिकाको घरबाट १५–२० मिनेटको पहुँचमा हुनुपर्नेछ ।

(ख) कम्तीमा प्रति बालबालिकाको लागी २.०० वर्गमिटर क्षेत्रफलको कोठा र ८ फिट उचाई, उज्यालो ढोका भएको ताला लगाउन मिल्ने कोठा हुनुपर्नेछ ।

(ग) कोठा बालवालिकाको स्वास्थ्य अनुकूल तापक्रम भएको हुनु पर्नेछ साथै केन्द्र संचालन गर्ने भवनको चारैतर्फ खुला र अन्य घर नजोडिएको शान्त, उज्यालो तथा दोहोरो हावा बहन गर्नसक्ने हुनुपर्नेछ झ्यालमा ग्रिल राखेको हुनुपर्नेछ ।

(घ) कोठाको क्षेत्रफल वालवालिकाको लागी स्वतन्त्र रुपले बस्न, चल्न, खेल्न तथा सुत्न पुग्ने हुनुका साथै भवनमा पर्याप्त पार्किङ सुविधा, स्थानीय मानिसहरुका लागी सहज तरिकाले आवत जावत गर्न मार्ग भएको हुनु पर्नेछ ।प्रत्येक कक्षा कोठामा कम्तिमा ५ जनाको ५ वटा
सानो सानो समूह र २० देखि २५ जना बालबालिकाको ठूलो समूहलाई स्वतन्त्र रुपले बस्न, चल्न, खेल्न, नाच्न, घेरामा वसेर छलफल गर्न उपयुक्त ठाउँ रहेको हुनु पर्नेछ । कोठा सफा,
सुरक्षित, आकर्षक र सजिलै हिंडडुल गर्नसकिने हुनुपर्नेछ । साथै केन्द्र भवन आसपासमा पेट्रोल पम्प, मुख्य सडक, बसपार्क, खुलामञ्च, वाचनालय, कलकारखाना तथा ट्राफिक जोखिम नभएको

स्थलमा हुनुपर्नेछ ।

(ङ) केन्द्र परिसर खुला इनार, पोखरी, भिर, खोला, फोहोर संकलन केन्द्र, बसपार्क, ध्वनी प्रदुषक उधोग धन्दा, हवाइमैदानबाट ५०० मिटर बाहिर हुनका साथै भवनमा अग्नी नियन्त्रक उपकरण समेत हुनुपर्नेछ ।

(च) अनिवार्यतः भुँइतलामा संचालन भएको हुनुपर्नेछ ।

छ) प्रारम्भिक बालविकास तथा शिशु विकास केन्द्र जोखिमयुक्त स्थान जस्तैः खुला इनार,पोखरी ,भिर र खोलाहरुबाट सुरक्षित स्थानमा स्थापना भएको हुनुपर्दछ ।

(ज) भवनले ओगटेको जमिनको भागको कम्तिमा दुई तिहाइ खालि जमिन खेलमैदानको रुपमा हुनुपर्नेछ ।

(झ) बालवालिकाको उमेर सुहाउँदो बालमैत्री शौचालयको व्यवस्था हुनु पर्नेछ । शौचालय वालवालिकाको संख्या अनुसार पर्याप्त हुनु पर्नेछ । शौचालयमा अनिवार्य साबुन,रुमाल, पानी,ट्वाइलेट पेपर, नियमित सफा सुग्घर गर्ने सरसामानहरु तथा नियमित सरसफाई गर्ने प्रबन्ध हुनुपर्नेछ ।

(ञ) कुनै विद्यालयको हाताभित्र प्रारम्भिक बालविकास तथा शिशु कक्षा सञ्चालनको लागि विद्यालयले छुट्टै कक्षाकोठा तथा भवनको व्यवस्था गर्नुपर्ने छ ।

(ट) प्रत्येक कक्षा कोठामा उपयुक्त शैक्षिक सामग्री, सिकाई सामग्री, पाठ्यपुस्तक (चित्र अंकित कम्तिमा ५० पुस्तक सहित अन्य पुस्तकहरु), वालवालिकाको व्यक्तीगत सामान छुट्टा छुट्टै राख्ने गरी र्याकको प्रवन्ध गरेको हुनुपर्नेछ ।

(ठ) बालवालिकाले तयार पारेका क्रियाकलापहरु सबैले देख्ने गरी बालवालिकाको आँखाको लेवलमा भित्तामा टाँस्नु पर्नेछ । पाटीको साईज तथा झुन्ड्याइने स्थान बालवालिकाको सहज पहुँचमा हुनुपर्नेछ ।

(ड) बालवालिकाको लागी आवश्यक खेल सामग्री कक्षामा नै हुनुपर्नेछ ।

(ढ) बालबालिकाको लागि बालमैत्री बसाँई व्यवस्थापनको व्यवस्था भएको हुनुपर्ने छ ।

(ण)बालवालिकालाई भूँइको चिसो र फोहोरले असर नपर्ने गरी बसाईको लागी गुन्द्री /नरम चकटी /फल्याक /कार्पेटको व्यवस्था गरिएको हुनुपर्नेछ ।

(त) कार्यालय कोठा, कपडा फेर्ने कोठा, विरामी आराम कक्ष, प्राथमिक उपचार कक्ष, नुहाउने कोठा, कपडा धुने, भाँडा माझ्ने, खाना पकाउने जस्ता भौतिक संरचनाहरु भवन भित्र अलग्गै हुनु पर्नेछ । हातहतियार, औषधी, किटनाशक औषधीहरु तथा वालवालिकाको लागी हानिकारक हुने संरचनाहरु उनिहरुको पहुँच नहुने गरी राख्नु पर्नेछ ।

(थ) बालवालिकाहरु एक अर्कासम्म सहजै पुग्न मिल्ने र हिंडडुल गर्न मिल्ने गरी बस्ने, खेल्ने,सुत्ने व्यवस्था गरिएको हुनुपर्नेछ ।

(द) सिकाइको माध्यम अभिनय, खेलकुद, मनोरञ्जन, सिर्जनात्मक क्रियाकलाप, स्वावलम्वन सिकाइ, विज्ञान सिकाई, तथा अभ्यासजनक आवश्यक सिकाई सामग्री प्रत्येक कक्षा कोठामा व्यवस्था गर्नुपर्नेछ ।

(ध) प्रत्येक बालवालिकाको लागी पुग्दो सफा र शुद्द सुरक्षित पिउने पानी, सरसफाइको लागि पर्याप्त पानी, प्राथमिक

उपचारको लागि आवश्यक औषधिहरु, स्वास्थ्य चौकीबाट उपलव्ध गराईने नियमित स्वास्थ्य सेवा सुनिश्चित गरिनु पर्दछ।

खाजा तथा खाना उपलव्ध गराउने बार अनुसारको स्वस्थ र पोषणयुक्त खाद्य पदार्थ तथा स्वास्थ्य वर्धक खाना खाजाको

विवरण (उमेर अनुसार) यकिन गरी अभिभावक समेतलाई उपलव्ध गराउनुपर्नेछ । समय समयमा खानाको गुणस्तर

परीक्षण गराउनु पर्नेछ ।

(न) बालवालिकालाई सिकाई क्रियाकलापमा सक्रिय सहभागी गराउन वास्तविकता झल्काउने खालका पूतली,व्लक, मान्छे, पशु, घर,चरा, स्वास्थ्य चौकी, केन्द्र, टाँक, तुना, चेन, तराजु, स्केल, माटो, वालुवा, काठका टुक्रा, कागजतका टुक्रा, फूल, भाँडा वर्तन, लुगाफाटा, बाजागजा, साग सब्जी, फलफूल, माछा, भान्छाका सामानहरु, रबर बल, बाँसका टुक्राहरु, मकैको खोस्टाहरु, विभिन्न किसिमका बियाँहरु, नरिवलको खपडा, लप्सीका विया आदि खेलौनाहरुको नियमित प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(प) भर्ना पुस्तिका, दैनिक हाजिर पुस्तिका (कर्मचारी र वालवालिकाको लागि), बैठक पुस्तिका,स्वास्थ्य पुस्तिका, प्रत्येक बालवालिकाको लागि र प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीहरुको लागि १/१ वटा व्यक्तिगत फाइल तथा पूर्व लेखन अभ्यास पुस्तिका हुनु पर्नेछ । अभिभावकहरुको लागि आगमन तथा सुझाव पुस्तिका, विशेष घटना रेकर्ड पुस्तिका, बालवालिकाको उचाई तथा तौल नापजाँच पुस्तिका तथा अभिभावक सम्पर्क विवरण प्रमाण पुस्तिका अगल अलग्गै रहनुपर्नेछ ।

(फ) विद्यार्थी रेकर्ड, आम्दानी खर्च रेकर्ड, विद्यार्थी प्रगती अभिलेख तथा अन्य रेकर्डहरु व्यवस्थित रुपमा राख्ने प्रवन्ध गर्नुपर्नेछ ।

(ब) प्रत्येक बालवालिकालाई समान रुपले माया र राम्रो व्यवहार गर्ने, आवश्यकता अनुसार सहयोग गर्न हरदम तत्पर रहने, प्रत्येक बालवालिकाको लागि सुरक्षित महसुस गराउन सक्ने, मायालु तवरले

नम्र व्यवहार गर्ने रुचि भएका, बालवालिकाको स्वास्थ्य अवस्था, मनोविज्ञान, रुचि र आवश्यकता बुझ्न सक्ने बाल सक्रियतालाई बढुवा दिने, अभिभावकसँग अन्तरक्रिया गर्न रुचि राख्ने, सिकाइ सामग्रीहरुको उचित प्रयोग गर्नसक्ने सीपमूलक, कथा, गीत, कविता भन्न तथा नृत्य गर्न जान्ने, नेपाली संस्कार, सँस्कृति, जात्रापर्व, चाडबाड बुझेको, बालवालिकाको शारीरिक, मानसिक, संवेगात्मक विकासलाई सहयोगी बन्न सक्ने क्षमता भएको मृदुभाषी, पेसाप्रति आस्थावान, अनुशासित, सदाचारी, सच्चरित्र भएको न्यूनतम अनुभव र सीपलाई जनशक्तिको बान्छनीय योग्यता मानिनेछ ।

(भ) केन्द्रको मासिक प्रगती प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी प्रमाणीत गराई राख्ने प्रवन्ध हुनुपर्नेछ ।

(म) फोहोरमैला तथा ढल व्यवस्थापनको तरिका फोहोरमैला व्यवस्थापन ऐन तथा नियम अनुसार जैमिनी नगरपलिकाले तोकेबमोजिमको हुनेछ ।केन्द्र परिसर विपद पर्दाको बखतसमेत सुरक्षित हुने तरिकाले प्रवन्धित हुनुपर्नेछ ।

**२३. अनिवार्यतः दैनिक गर्नुपर्ने न्यूनतम क्रियाकलाप** – केन्द्रले प्रत्येक दिन कम्तीमा निम्नलिखित क्रियाकलापहरु अनिवार्य गर्नुपर्नेछ :–

(क) बालवालिकालाई न्यानो स्वागत (ख) सरसफाई अवलोकन तथा सरसफाई (ग) व्यायाम (घ) प्रार्थना (ङ) दिसा पिसाव गराउने (च) घेरा समय (छ) हाजिरी (ज) गित, कथा, अभिनय,सृजनात्मक चाल, बालवालिकाहरुको मौलिक क्रियाकलाप (झ) पुनरावलोकन /ठूलो समूहमा छलफल (ञ) पूर्व साक्षरता /पूर्व लेखन क्रियाकलाप (ट) सामूहिक स्वतन्त्र खेल, समूह खेल र स्वावलम्वन सीप विकास खेल, बाहिरी खेल, (ठ) खाजा तथा खाना समय (ड) पुस्तक तथा पाठयसामग्रीको प्रयोग, (ढ) आराम कक्ष (ण) मातापिता र गुरुप्रती आभारी हुने सिकाइ (त) विदाइ गित लगायत ।

**२४.नक्सांकनका आधारमा मात्र केन्द्र खोल्न सकिने** : नगरपालिकाभित्र खुलेका र भविष्यमा खुल्ने प्रारम्भिक वाल शिक्षा केन्द्रलाई नक्सांकनका आधारमा पुर्नवितरण प्रमाण गर्दा वा नयाँ खोल्दा नक्सांकनभित्र पर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

**२५. यस मापदण्ड बमोजिम हुनेः** यस मापदण्डमा उल्लिखित कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

अनुसूची– १

प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालनका लागी दिइने निवेदन

श्री..........................

...............................

विषयः प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाऊँ ।

शैक्षिक सत्र................देखि प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदाय र व्यवस्थापन समितिको मिति...................को निर्णयानुसार देहायका विवरण प्रमाण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

(क) प्रस्तावित केन्द्रको–

(१) नामः

(२) ठेगानाः

नगरपालिका ...................वडा नं......................... गाउँ वा टोल.................... फोन नं..........

(३) सेवा पुर्याइने बालबालिकाको संख्याः

(ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आबद्धता दिने केन्द्रको –

(१) नामः– (२) ठेगानाः– (३) फोन नंः

(ग्) प्रस्तावित केन्द्रको भौतिक पूर्वाधारहरूः

(१) भवनः (अ) कोठा (आ) कच्ची वा पक्की

(इ) के ले बनेको (ई) भाडा /आफ्नै/सार्वजनिक

(२) फर्निचरको विवरणः (अ) मेच : (आ) टेवुलः (इ) वेञ्च र डेस्क :

(३) खेलकुद मैदान र त्यसको क्षेत्रफलः (अ) आफ्नै (आ) भाडामा वा सार्वजनिक (इ) अन्य

(४) शौचालयको अवस्थाः (अ) संख्या (आ) कच्ची र पक्की

(इ) पानीको व्यवस्था भए नभएको

(५) खानेपानीको अवस्थाः (अ) बोकेर ल्याउने (आ) धाराबाट प्राप्त (इ) पर्याप्त/अपर्याप्त

(६) पाठ्यसामग्रीको नाम र संख्याः (अ) (आ) (इ)

(७) आर्थिक विवरणः (अ) अचल सम्पत्ति (आ) चल सम्पत्ति (इ) अन्य

(८) आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छः

(९) अन्य कुनै विवरण भए उल्लेख गर्नेः

माथि लेखिएको विवरण प्रमाण ठीक छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला र बुझाउँला ।

निवेदकको,–

संस्थाको छाप सहीः नामः– ठेगाना : मितिः–

संलग्न कागजात :(१) भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण ।

(२) संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन ।

(३) आपसी सहयोग समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको बैठकको निर्णय ।

(४) कुनै केन्द्रसँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो केन्द्रको सिफारिस ।

अनुसूची–२

प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न दिइने अनुमति

श्री.........................................
.............................................

विषय : प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न दिइएको अनुमति सम्बन्धमा ।

तपाईले त्यस संस्थाले प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस ............. नगर कार्यपालिकाको कार्यालयमा दिनु भएको निवेदन उपर कारबाही हुँदा शिक्षा नियमावली, ....... समेतको पूर्वाधार पूरा गरेको र यस नगर कार्यपालिकाको नक्साङ्कनमा परेकोले शैक्षिक सत्र..................देखि प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ ।

अनुमति प्रदान गर्ने अधिकारीको:–

कार्यालयको छाप

सहीः

नाम :

पदः

मितिः